

# राष्ट्रिय वाणिज्य बैंक लि.
# समाचार

देशको आर्थिक सामाजिक विकासमा ४७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष १९ अंक ५ बैशाख–जेठ २०६९ Year 19 Vol 5 May-June 2012



शाखा कार्यालय रामपुर, समुद्घाटन समारोहमा सम्बोधन गर्दै ने.रा. बैंकका डेपुटी गभर्नर गोपाल प्रसाद काफ्ले

## यस अंकमा


- रावाबैंकको साधारण सभा सम्पन्न
- रावाबैंकको पूँजी योजना
- रावाबैंकमा विभिन्न नीतिगत सुधार
- रावाबैंकमा ५९ नयाँ अधिकृतहरू
- रामपुरमा राष्ट्रिय वाणिज्य बैंक
- सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवालीसँग अन्तर्वार्ता


## राष्ट्रिय वाणिज्य बैंकद्वारा पूँजी योजना प्रस्तुत

आ.व.०६८।६९ को अन्तसम्ममा रावाबैंकको खुद पूँजी (Net worth) ७ अरव ३९ करोड ३० लाख ऋणात्मक र नपुग पुंजी पर्याप्तता (Capital Adequacy Shortfall) रू १३ अरव ४४ करोड ८० लाख रहने अनुमान रहेको सन्दर्भमा आ.व.०७१।०७२ भित्र सोमा सुधार ल्याई बैंकको वित्तिय अवस्थालाई सवल बनाउन रावाबैंकले ३ वर्षे पूँजी योजना (Capital plan) नेराबैंक समक्ष पेश गरेको छ । यस पूंजी योजनामा मुनाफा अभिबृद्वि, कर्जा असुली, शेयर विक्री, गैह्र बैंकिंग सम्पत्ति विक्री, स्थिर सम्पत्तिको पुनमुल्यांकन, जोखिम भारित सम्पत्ति घटाउने,कर्जाको किताबी अपलेखन लगायतका आन्तरिक प्रयास र चुक्ता पूंजी बढाउने, डिभिडेण्ड पूंजीकरण, मर्जर, विश्व बैंकद्वारा ऋण स्वरूप प्रदत्त स्पेसल ड्रइंग राईट (एसडिआर) लाई पूंजीमा रूपान्तर, सरकारद्वारा थप लगानी लगायतका वाह्य प्रयास समेटिएका छन् ।

## राष्ट्रिय वाणिज्य बैंकको साधारण सभा सम्पन्न

जेठ ८ काठमाडौं

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको साधारण सभा भव्यतापूर्वक सम्पन्न भएको छ । बैंकको सिंहदरवार प्लाजास्थित केन्द्रीय कार्यालयमा सम्पन्न साधारणसभाले बैंक संचालक समितिका अध्यक्ष डा. नरहरि ढकालद्वारा प्रस्तुत अर्को बैंक तथा वित्तिय संस्थासंग मर्ज गर्ने,पूंजीबृध्दि योजना र अग्राधिकार शेयरलाई बैंकको चुक्ता पूंजीमा परिणत गर्ने लगायतका प्रस्तावसहित आर्थिक वर्ष २०६६।०६७ को वार्षिक प्रतिवेदन पारित गरेको




छ । यसैगरी बैंकको आ.व.०६७।०६८को लेखापरीक्षणको काम भईरहेको र सो सम्पन्न हुनासाथ छैठौ साधारणसभाको आयोजना गरिने जानकारी साधारणसभामा दिईयो । प्रतिवेदन सम्बन्धमा शेयर होल्डरले उठाएका विभिन्न जिज्ञासाबारे रावाबैंक संचालक समितिका अध्यक्ष डा.नरहरि ढकाल र बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले जवाफ दिनुभएको थियो ।

*बाँकी ३ पेजमा*



*पूर्व सेवा तालिम कार्यक्रमको समापन समारोहमा प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदस्थ अधिकृतहरूसँग तस्विर खिचाउँदै नवनियुक्त अधिकृतहरू*

## सम्पादकीय

केही वर्षयता जारी सुधार प्रकृयाको फलस्वरुप राष्ट्रिय वाणिज्य बैंकमा कर्जा असुली, सूचना प्रविधि,नयां सेवाहरुको विकास र सेवाको गुणस्तर,मुनाफा आदी क्षेत्रमा उत्शाहजनक सुधार भएतापनि अद्यापी यसको खुद पूंजी नकारात्मक रहंदा बैकको वित्तिय स्वास्थ्य सवल हुन सकेको छैन । यो अवस्था बैंकको कारोवार विस्तारमा एक तगारोको रुपमा त रहेको छ नै साथसाथै बैंकको पूंजीगत कमजोरीको वावजुद नेपाल राष्ट्र बैंकले यस बैंकलाई विभिन्न छुट दिई विभेदकारी नीति अवलम्वन गरेको भन्ने गुनासो समेत निजी क्षेत्रका बैंकहरुबाट आउने गरेको छ । यस परिप्रेक्षमा बैंकको पूंजी सवलिकरण योजना प्राथमिकताको कार्यसूचिमा पर्नु स्वाभाविक र आवश्यक थियो। यहि आवश्यकता र गंभीरतालाई बुझेर, पूंजीकोषलाई सवल बनाउने प्रभावकारी प्रयासको सिलसिलामा,राष्ट्रिय वाणिज्य बैंक व्यवस्थापनले केही पहिले नेपाल राष्ट्र बैंक समक्ष त्रिवर्षीय पूंजी योजना पेश गरेको छ । बैंकको ऋणात्मक पूंजी कोषलाई धनात्मक बनाउने तथा चुक्ता पूंजी बृध्दि गरी मुलुककै ठूलो बैंकका रुपमा स्थापित गराउने ध्येयले पेश गरिएको उक्त पूंजी योजना अन्तर्गत मुनाफा अभिबृध्दि , कर्जा असुली, शेयर विक्री,गैहू बैकिंग सम्पत्ति विक्री,स्थीर सम्पत्तिको पुनमुल्यांकन, जोखिम भारित सम्पत्ति घटाउने,कर्जाको किताबी अपलेखन लगायतका आन्तरिक प्रयास र चुक्ता पूंजी बढाउने, डिभिडेण्ड पूंजीकरण, मर्जर, एसडिआर पूंजीमा रुपान्तर,सरकारद्वारा थप लगानी लगायतका वाह्य प्रयास समेटिएका छन् । आशा गरौं, बैंकले पेश गरेको पूंजी योजना कार्यान्वयनमा बैंकको आन्तरिक व्यवस्थापनका साथै सम्वध्द वाह्य निकायहरुबाट गम्भीर पहल हुनेछ र देशको आर्थिक सामाजिक विकासमा बृहत योगदान पुरयाउदै आएको यो बैंकको भूमिका अरु गहन हुनेछ ।

## अध्यक्ष ढकाललाई विद्यावारिधी



यस बैंकको संचालक समितिका अध्यक्ष नरहरि ढकालले त्रिभुवन विश्वविद्यालयबाट "Good practices in microfinance operation among leading Nepalese Microfinance Institutions" विषयक शोधपत्रमा विद्यावारिधी (Ph.D.) को उपाधी हासिल गर्नु भएकोमा रावावैक गौरवान्वित भएको छ । डा.ढकालले प्राप्त गर्नुभएको यस सफलता निम्ति बैंक परिवार हार्दिक वधाई ज्ञापन गर्दै उहांको उत्तरोत्तर प्रगतिको हार्दिक शुभ कामना प्रकट गर्दछ ।

## रावावैंकले मनायो नावालकको जन्मोत्सव

चैत १० वरगाछी, विराटनगर

आफनो सन्तानको जन्मदिनमा को बाउआमा खुशी हुंदैन र ? त्यो भन्दा बढी बैंक कर्मचारी उपहार सहित जन्मोत्सवको शुभकामना दिन आएपछि वाउआमाले अनुभूत गर्ने आनन्द शव्दातीत हुने नै भयो । यस्तै खुशी छायो स्थानीय नावालक सुयोग आचार्यको घर परिवारमा । यस बैंकको शाखा कार्यालय वरगाछीमा पहिलो नम्बरमा छुनामुना बचत खाता खोल्ने नावालक सुयोग आचार्यको जन्म दिनमा निजकै निवासमा आयोजित जन्मोत्सव कार्यक्रममा रावावैंक शाखा कार्यालय वरगाछिका





प्रवन्धक हरिबाबु आचार्यसहित शाखा परिवार सामेल भई बैंकको तर्फबाट जन्मदिनको शुभकामना र उपहार प्रदान गरिएको थियो ।

## रावावैंकमा व्यापक नीतिगत सुधार

रावावैंकले आफनो कार्य व्यापारलाई बढी से वढी प्रतिफलमुखी र सेवामुखी बनाउन विभिन्न क्षेत्रमा नीतिगत सुधारको प्रकृयालाई तीव्रतापूर्वक अघि बढाएको छ ।

### सूचना तथा संचार प्रविधिसम्बन्धी नीतिगत व्यवस्था

आधुनिक सूचना तथा संचार प्रविधिको अधिकतम उपयोग गर्दै वचत ,लगानी ,उत्पादन, आय ,रोजगारी ,अभिबृध्दिमा रावावैंकको योगदान बढाई यस बैकलाई व्यवसाय र सामाजिक सुधारमा केन्द्रविन्दुको रूपमा स्थापित गर्ने ध्येयले रावावैंकले सूचना तथा संचार प्रविधिसम्बन्धी नयां नीति कार्यान्वयनमा ल्याएको छ ।

### ब्रान्चलेस बैकिंग

रावावैकले हालै ल्याएको सूचना तथा प्रविधिसम्बन्धी नयां नीतिमा परम्परागत बैकिंगभन्दा पृथक बैक परिसरमै नआई मोवाईल फोन र अभिकर्ताजस्ता सेवा प्रदायक मार्फत बैकिंग सेवा नपुगेका क्षेत्रका ग्राहकलाई घर आंगनमै सेवा दिने उध्देश्यले ब्रान्चलेस बैकिंगको अवधारणा कार्यान्वयनमा विशेषः व्यवस्था गरेको छ । ब्रान्चलेस बैकिंग अन्तर्गत ग्राहकले निम्न सेवाहरू प्राप्त गर्न सक्ने छन् :

नगद जम्मा तथा झिक्ने, खाताबाट खाता फण्ड ट्रान्सफर, व्यालेन्स सोधपुछ खाताको संक्षिप्त विवरण, दुर्गममा काम गर्ने कर्मचारीलाई तलव वितरण, पेन्सन,वृध्द भत्ता वितरण, कर्जा भुक्तानी, कर्जा खाताबाट रकम झिक्ने, सेवाहरूको बील भुक्तानी, मर्चेन्ट पेमेन्ट लगायतका सेवाहरू प्राप्त गर्न सक्नेछन् ।

### ब्रान्च अपरेसन म्यानुअल परिमार्जन

राष्ट्रिय वाणिज्य बैंकका शाखा कार्यालयहरूको कार्यसम्पादन प्रभावकारिता अभिवृध्दि गर्ने उध्देश्यले ब्रान्च अपरेसन म्यानुअल २०६४ मा विस्तृत परिमार्जन गरिएको छ । ग्राहक सेवा, नगद जम्मा तथा खर्च ,आन्तरिक रेमिटान्स, वैदेशिक रेमिटान्स, क्लियरिंग हाउससम्बन्धी नयां व्यवस्था लगायतका विषयवस्तु परिमार्जित म्यानुअलमा समेटिएका छन् ।

### कर्जा म्यानुअल परिमार्जन

यसैगरि बैंकले विद्यमान वजारको प्रतिष्पर्धात्मक बैकिंग क्रियाकलापलाई मध्यनजर गरी सुरक्षित ऋण सीमा,धितो सुरक्षण,मार्जिन दर,फर्म दर्ता अवधि, धितो सुरक्षण मूल्यांकन निर्देशिका २०६४ अन्तर्गत व्यापारिक,आवाशीय तथा साधारण भवनको मूल्यांकन गर्दा लाग्ने दर,तेश्रो पक्षको धितो,गाडी कर्जाको भुक्तानी अवधि,उपभोक्ता कर्जा,उपभोक्ता कर्जा लगानी गर्ने क्षेत्र,कर्जा तिर्न पुग्ने आय एवं उपभोक्ता कर्जाको सीमा लगायतका विषयवस्तु समाविश्ट गरी नयां ,कर्जा नीति कार्यान्वयनमा ल्याएको छ ।

### कर्जा असुली नीति २०६८

बैंकले २०५९ पौष मसान्तसम्म लगानी भै प्रचलित व्यवस्था वमोजिम धितो लिलामी कारवाही चलाउंदा लिलाम विक्री हुन नसकेका ,लिलाम विक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल हुन नसकेका ,बैंकले धितो सकार गर्न समेत अनुपयुक्त रहेका, धितो नै नरहेका वा व्यक्तिगत जमानतमा प्रवाह भएका, अपलेखन गरिएका र विगत ५ वर्षदेखि निष्कृय वर्गमा रहेका कर्जा असुलीमा प्रभावकारिता बृध्दि गर्ने उध्देश्यले कर्जा असुली नीति २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

## ग्राहक संचेतना

बैंकहरूको एटिएमका कारण अहिले सर्वसाधारणलाई धेरै सुविधा मिलेको छ । जुनसुकै वेला जहांबाट पनि लाईन नवसी पैसा निकाल्न पाउंदा सुविधाका साथै समयको बचत भएको छ । तर ,हालसालै नक्कली एटिएमबाट अरूको खाताको पैसा निकालिएका समाचार पनि आएका छन् । यसबाट प्रविधि र सुविधासंगै जोखिम पनि बढेको पुष्टि हुन्छ । यस जोखिमबाट मुक्ति पाउन ग्राहक केही कुरामा चनाखो हुनु आवश्यक छ । यस निम्ति ग्राहकले एटिएम लिएको खातामा चाहिनेभन्दा बढी पैसा नराख्नु उचित हुन्छ । आफुसंग लाखौं छ भने एटिएम लिएको खातामा केही हजार मात्र राखौं, अरू पैसा राखिएको खाता चेकबाटै कारोवार गरौं । बरू सहज रूपमा एटिएम भएको खातामा पैसा ट्रान्सफर गर्न इन्टरनेट बैकिंगको सुविधा लिन सकिन्छ । बाहिर कतै जानु छ भने एटिएमको खातामा पैसा हालेर जान सकिन्छ ।

(साभारः प्रदीप पण्डित ठमेलको नाममा कर्पोरेट म्यागजिनमाप्रकाशित सामग्रि)

## रावाबैंकको साधारण सभा...

रावाबैंकका शेयरहोल्डरहरू क्रमश अर्थ मन्त्रालयका तर्फबाट सीताराम रेग्मी, उद्योग मन्त्रालयका तर्फबाट बाबुराम अधिकारी, श्रम तथा



यातायात व्यवस्था मन्त्रालयका तर्फबाट दिवश आचार्य, महालेखा नियन्त्रक कार्यालयका तर्फबाट नरेशराज खरेल,उर्जा मन्त्रालयका तर्फबाट जगदिश मिश्र, सिंचाई मन्त्रालयका तर्फबाट पद्मा श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तर्फबाट केशव प्रसाद रेग्मी, वाणिज्य तथा आपूर्ति मन्त्रालयका तर्फबाट दीपक राज पाण्डे र भौतिक योजना तथा निर्माण मन्त्रालयका तर्फबाट राजेन्द्र प्र.घिमिरेको सहभागिता रहेको थियो ।

कम्पनी सचिव विष्णु प्रसाद पौडेलको संचालनमा सम्पन्न उक्त साधारण सभामा बैंक संचालक समितिका सदस्यहरू शान्तराज सुवेदी, विष्णुदास डंगोल, पितृभक्त पोखेल, वालचन्द्र शर्मा, लक्ष्मण न्यौपाने र विशेषज्ञ संचालक शिवादेवी काफ्ले,बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा,विभागीय प्रमुखहरू र वरिष्ठ अधिकृतका साथै बैंकमा कार्यरत ३ वटै कर्मचारी यूनियनका अध्यक्षहरूको सहभागिता थियो । वि.सं.२०२२ साल माघ १० गते पूर्ण सरकारी स्वामित्वमा स्थापित यस बैक वि.सं. २०६३ मा कम्पनी ऐन अन्तर्गत दर्ता भएपछि गत वर्ष एकै पटक ४ वर्षको साधारण सभाको आयोजना गरिएकोमा यो बैंकको पांचौ सधारण सभा हो । देशभर १४० शाखा संजाल रहेको यस बैंकका सबै शाखाबाट कुनै पनि शाखा बैकिंग सेवा (एबिविएस ) उपलब्ध छ भने ५० वटा एटिएम आउटलेट रहेका छन् ।

# अनुपम उत्शाहको नमूना रामपुर शाखाको स्थापना

वैशाख २४ पाल्पा

राष्ट्रिय वाणिज्य बैंकले पूर्ण सरकारी वाणिज्य बैंकको हिसावले सर्वसाधारण नेपाली जनतालाई बैकिंग सेवा पुर्‍याउन विभिन्न स्थानहरूमा शाखा स्थापना पुनस्थापना गर्दै आएको भएतापनि स्थानीय जनता र बैंक दुबैतर्फबाट देखाईएको उत्शाहको हिसावले शाखा कार्यालय रामपुरको स्थापना बैंकको इतिहासमै अनुपम रह्यो । पाल्पा जिल्लाको पूर्वी क्षेत्रमा पर्ने आर्थिक संभावनाको प्रमुख केन्द्र रामपुरमा शाखाको स्थापना निम्ति स्थानीय जनताले तीन दशकयता अनवरत रूपमा जारी गरेको प्रयत्नले वि.सं. ०६९ को प्रथम महिनामा साकार रूप पाएको छ ।

उक्त शाखाको नेपाल राष्ट्र बैंकका डेपुटि गभर्नर गोपाल प्रसाद काफ्लेले यहां आयोजित विशेषः समारोहका बीच समुद्घाटन गर्नुभयो । बैंकको १४० औं शाखाको रूपमा स्थापित उक्त शाखा कार्यालयको समुद्घाटनका अवसरमा प्रमुख अतिथी डेपुटी गभर्नर श्री काफ्लेले राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी स्वामित्वको बैंक भएकोले यसप्रति जनताको आस्था र विश्वास भएको वताउंदै नयां नेपाल निर्माणमा यस बैंकले उल्लेख्य योगदान पुर्‍याउनुपर्ने वताउनुभयो । सो अवसरमा श्री काफ्लेले गाउँमा आउने रेमिटेन्सको रकमलाई उत्पादनमूलक कृषिजन्य उद्योगमा लगानी गर्न सकिए भोलिका दिनमा विदेशबाट सिप सिकेर गाँउ फर्कने युवाहरूलाई गाउँमै रोजगारीको अवसर मिल्ने वताउनुभयो ।

सभापतिको आसनबाट राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले गाउँ गाउँमा रावाबैंकको माग रहेको वताउंदै ग्रामीण अर्थतन्त्र वलियो वनाउन कृषि लगायतका साना मझौला उद्योगमा यस बैंकले लगानी गर्ने वताउनुभयो । निजी बैंकहरूले गाउँबाट पूँजी लगि सहरमा लगानी गर्ने सन्दर्भमा रावाबैंकले सहरमा रकम जम्मा गरेर गाउंमा लगानी गरेको प्रसंग श्री शर्माले वताउनुभयो । स्थानीय स्तरमा आर्थिक सामाजिक विकास निम्ति झण्डै ३२ वर्षयता रावाबैंकको स्थापनानिम्ति रामपुरवासीबाट भएको प्रयास रावाबैंकप्रतिको सद्भावको अनुपम नमूना भएको वताउंदै श्री शर्माले रावाबैंकले यस क्षेत्रको विकासमा भरमग्दुर प्रयत्न गर्ने वताउनुभयो ।

सो समारोहमा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार वि.के.मान सिंह, राजस्व अनुसन्धान विभागका पूर्व प्रमुख शान्त बहादुर श्रेष्ठ , वीमा संस्थानका पूर्व महाप्रवन्धक विजय घिमिरे ,उद्योग वाणिज्य संघ पाल्पाका सदस्य राजु प्रसाद श्रेष्ठ, शहीद वहुमुखी क्याम्पसका प्रमुख वासु देवकोटा,समाजसेवी सरस्वती डोटेलका साथै एकिकृत नेकपा माओवादी ,नेपाली कांग्रेस र नेकपा एमालेका स्थानीय प्रतिनिधिहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । सो अवसरमा डेपुटी गभर्नर गोपाल प्रसाद काफ्ले लगायत सयौं ग्राहकले उक्त शाखामा खाता खोल्नुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक ओम प्रकाश आचार्यको स्वागत मन्तव्य र शाखा कार्यालय वुटवल खस्यौलीका प्रवन्धक टीकाराम के.सी.को संचालनमा सम्पन्न उक्त समारोहमा स्थानीय उद्यमी व्यवसायी र सर्वसाधारण ग्राहकको उल्लेख्य सहभागिता थियो । उक्त



कार्यक्रममा शाखा कार्यालय रामपुरका प्रवन्धक मित्रलाल नेपाली,सहायक प्रवन्धक श्रीमान गाहा,नगद सहायक वसन्तप्रसाद श्रेष्ठले अतिथिहरूलाई खादा ओढाई शाखा परिवारको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभएको थियो ।

## डिल्लिबजार र चावहिलमा राष्ट्रिय वाणिज्य बैंकको काउन्टर स्थापना

मालपोत कार्यालयको राजस्व संकलनदेखि कर्मचारी र स्थानीय कानुन व्यवसायी एवं सर्वसाधारणलाई बैकिंग सेवा उपलब्ध गराउने उध्देश्यले रावाबैंकले डिल्लिबजार र चावहिल स्थित मालपोत कार्यालय परिसरमा काउन्टर स्थापना गरेको छ। यसै क्रममा काठमाडौं डिल्लिबजार स्थित मालपोत कार्यालय परिसरमा स्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ठमेल अन्तर्गत डिल्लिबजार काउन्टरको प्रमुख मालपोत अधिकृत सुशिल वैद्यले र चावहिलस्थित मालपोत कार्यालय परिसरमा स्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गौशाला अन्तर्गत चावहिल काउन्टरको प्रमुख मालपोत अधिकृत शंकर प्रसाद भेटवालले दुई छुट्टाछुट्टै समारोहका बीच समुद्घाटन गर्नुभयो । दुवै समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले सरकारको राजस्व संकलनमा सहयोग पुर्‍याउन तथा यस क्षेत्रका कर्मचारी,कानुन व्यवसायी तथा सर्वसाधारणलाई बैकिंग सेवा पुर्‍याउन राष्ट्रिय वाणिज्य बैंकको काउन्टर स्थापना गरिएको वताउंदै पूर्ण सरकारी यो बैक जनताको आफ्नै बैंक भएकोले यसको विकासमा सम्वध्द सबैबाट सहयोग र सद्भाव प्राप्त हुने विश्वास प्रकट गर्नुभयो ।

### १५ दिने आवाशीय तालीम सम्पन्न

# राष्ट्रिय वाणिज्य बैंकद्वारा नयाँ ५९ अधिकृतको पदस्थापन

वैशाख १३ बोडे ,भक्तपुर

राष्ट्रिय वाणिज्य बैंकद्वारा खुल्ला प्रतिष्पर्धाबाट हालै छानिएका ५९ अधिकृतस्तरका कर्मचारीको पदस्थापन तथा १५ दिने पूर्व सेवा तालीम कार्यक्रमको प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मालेे एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले रावावैंकको पूंजीकोष ३ वर्षभित्र सवल बनाउने, चार वर्षभित्र भाखा नाघेको कर्जालाई दुई प्रतिशतको हाराहारीमा ल्याउने, व्यवसाय दोवर गराउने, सेवा प्रवाहलाई छिटो छरितो ग्राहकमुखी बनाउने र सेवा,मुनाफा सबै आधारमा देशकै सर्वोत्कृष्ठ बैंकको रूपमा विकास गर्ने उध्देश्यलाई साकार बनाउन मानव संशाधनको महत्वपूर्ण भूमिका हुने तथ्यलाई आत्मसात गरी पुराना, अनुभवी तथा नयां कर्मचारीको उपयुक्त जनशक्ति मिश्रण बनाउन विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने नयां अधिकृतस्तरका कर्मचारी भर्ना गरिएको वताउनुभयो । अर्थशास्त्र तथा व्यवस्थापन क्षेत्रको अध्ययन पूरा गरी बैंक सेवामा प्रवेश गरेका नयां कर्मचारीको भविष्य समुज्ज्वल रहेको वताउंदै प्रमुख कार्यकारी अधिकृत श्री शर्माले रावावैंक परम्परागत बैंकिंगबाट आधुनिकतम बैंकिंगतर्फको यात्रामा फड्को मारिरहेको वर्तमान अवस्थामा नव नियुक्त कर्मचारीले शाखागत रूपमा क्वालिटी सर्कलको रूपमा र रावावैंकको समग्र क्षेत्रमा परिवर्तनका संवाहकको रूपमा योगदान पुराउनु पर्ने दिशा निर्देश गर्नुभयो ।

सो समारोहमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द ओझाले आधुनिक शिक्षाबाट सुशिक्षित उच्च जोश जांगर रहेका युवा युवतीलाई कर्मचारीको रूपमा भित्र्याउन पाउनु रावावैंकको लागि र रावावैंकजस्तो पूर्ण सरकारी प्रतिष्ठापित बैकसंग कर्मचारीको रूपमा सम्वन्ध गांस्न पाउनु नव नियुक्त कर्मचारीको लागि गौरवको विषय भएको वताउंदै यो गौरवलाई जोगाउन नवनियुक्त कर्मचारीले मेहनत,इमान्दारी,लगनशीलता तथा उच्च मनोवलका साथ काम गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । बैंकको केन्द्रीय कार्यालय तालीम तथा विकास विभागको आयोजनामा बोडेस्थित कृषि विकास बैंकको तालीम कक्षमा संचालित उक्त तालीमको शुभारम्भ समारोहमा तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पञ्जानीले स्वागत मन्तव्य र कृषि विकास बैंकका होष्टल वार्डन गोविन्दलाल कर्णले शुभकामना मन्तव्य दिनुभएको थियो । आयोजक विभागका लेखा अधिकृत शिवराम पौडेलको संचालन तथा सहलेखा अधिकृत राजेन्द्र महर्जनको



शपथ ग्रहणको एक झलक

संयोजनमा सम्पन्न उक्त समारोहमा केन्द्रीय कार्यालय मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदी, ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी,सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली,राष्ट्रिय वाणिज्य बैंक समाचारका प्रधान सम्पादक मुकुन्द अर्याल तथा तालीम तथा विकास विभागका सहलेखा अधिकृत मणि ढुंगाना लगायतका महानुभावको समुपस्थिति रहेको थियो । यसअघि बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक छुट्टै समारोहमा मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदीले बैंकका प्रमुख कार्यकारी अधिकृत नायव महाप्रवन्धक लगायत केही विशिष्ट अधिकृतहरूको समुपस्थितिमा नवनियुक्त कर्मचारीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो ।

# रावावैंक समाचार र नवनियुक्त कर्मचारीबीच अन्तरक्रिया

वैशाख २३ मैतीदेवी

बैंकमा प्रयुक्त सुचना प्रविधिको सैध्दान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उध्देश्यले वैकको सूचना प्रविधि विभागद्वारा लर्ड बुध्द एकेडेमीमा संचालित प्रशिक्षण कार्यक्रममा तालीमका सहभागी र रावावैंक समाचारका बीच एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो अवसरमा नव नियुक्त स.ले.अ.माधव खतिवडाले पूर्व सेवाकालीन तालीममा बैंकका पुराना र नयां कर्मचारीमा कुनै विभेद महसूस नभई हार्दिकतापूर्वक ज्ञान विनिमय भएकोले यो सिकाई अत्यन्त महत्वपूर्ण रहेको वताउनुभयो भने स.ले.अ. सुरेश सापकोटाले बैंकको सूचना प्रविधि लगायतका सम्वन्धित विषवस्तुमा व्यावहारिक ज्ञान, व्यक्तिगत जीवन व्यवस्थापन जस्ता विषयवस्तु समाविश्ट गरी संचालन गरिएको उक्त तालीम अत्यन्त महत्वपूर्ण रहेको वताउंदै रावावैमा उच्च मध्यम तथा निम्नस्तरका व्यवस्थापनबीच रहेको निकटतम सम्बन्धले बैकको समग्र उत्पादकत्वमा सकारात्मक प्रभाव पर्ने अपेक्षा प्रकट गर्नुभयो । यसैगरि स.ले.अ. सुमन आचार्यले सेवा प्रवेशकै वखत रावावैक समाचारसंग अन्तरक्रिया गर्न पाउनु खुशीको विषय भएको, बैकको भविष्य उज्यालो बनाउन यथेष्ट योगदान पुर्याउने प्रतिवध्दतासहित बैंक सेवा प्रवेश गरेको नयां पुस्ताको समाचारले अग्रस्थान पाउने प्रकट गर्दै यस समाचारलाई थप परिष्कार सहित व्यवस्थापन अध्यापन गर्ने विभिन्न निकायमा पुराउन सके रावावैंक र नयाँ पुस्ताबीच सम्बन्ध मजवुत हुने विश्वास प्रकट गर्नुभयो । सो अवसरमा श्री आचार्यले रावावैंकको वेव्साईट तत्काल अद्यावधिक गर्नु पर्ने आवश्यकता रहेको वताउंदै त्यस निम्ति सहकार्य गर्न आफू ईच्छुक रहेको वताउनुभयो । स.ले.अ. लीलाराम ढुंगानाले दक्षता अभिवृध्दिका साथै नैतिकवान तथा अनुशासित पेशागत जीवनको निम्ति उक्त तालीम कार्यक्रम प्रेरणादायक रहेको वताउनु भयो । सो अवसरमा रावावैक समाचारका प्रधान सम्पादक मुकुन्द अर्यालले सहभागीहरूको जिज्ञाशाको जवाफ दिंदै कार्यगत शाखाबाट उपयुक्त समाचार तथा सूचना सम्प्रेषण गरी रावावैंक समाचारलाई सघाउन आग्रह गर्नुभयो । सो कार्यक्रममा सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवालीले कुनै पनि संस्थाको विकासमा नेतृत्वको अहम भूमिका हुने सन्दर्भमा नव नियुक्त कर्मचारीले बैंक विकासमा नेतृत्वदायी भूमिका निभाउने विश्वास प्रकट गर्नुभयो । नेता स्थिर होईन चलायमान हुनु पर्दछ, नेता संकीर्णताबाट मुक्त वहुआयामिक हुनुपर्दछ, नेता मार्ग अवरोधक होईन मार्ग प्रदर्शक हुनु पर्छ सफल नेताले थुप्रै नेता जन्माउंछ भन्दै श्री ज्ञवालीले नवनियुक्त कर्मचारीबाट सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य भूमिकाको अपेक्षा गरिएको वताउनुभयो । श्री ज्ञवालीकै संयोजनमा सम्पन्न उक्त कार्यक्रममा सूचना प्रविधि विभागका कम्प्युटर अधिकृत गगनसिंह घिमिरे, कम्प्युटर अधिकृत शेखरराज शर्मा, कम्प्युटर अधिकृत विमल जोशी, कम्प्युटर अधिकृत सुमन श्रेष्ठको उपस्थिति थियो ।

## समापन समारोह

**वैशाख २७, वोडे**

**उक्त तालीमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले सहभागीलाई प्रमाणपत्र वितरण गर्नु भयो । उक्त अवसरमा प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले नव नियुक्त कर्मचारीको वृत्ति विकासका प्रचुर संभावना रहेकोले उत्शाहपूर्ण ढंगले बैंकमा योगदान पुराउन आग्रह गर्नुभयो । सो अवसरमा श्री शर्माले यो पुस्ताबाट बैंकले अत्यधिक अपेक्षा गरेको कारणले प्रोत्शाहन पनि बढी गरिएको बताउंदै यस समूहले आफूलाई एक "क्वालिटि सर्कल" का रुपमा विकास गरी आफू कार्यरत शाखाको कार्यकुशलतामा परिवर्तन ल्याउन तथा कार्यरत स्थानीय समाजमा समेत परिवर्तन ल्याउन भूमिका खेल्नुपर्ने वताउनुभयो । सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले मलेशियाको कायापलटमा महाथिरको भूमिकाको प्रसंगसहित समाज,राष्ट्रको रुपान्तरणमा कुनै एक व्यक्तिले महत्वपूर्ण भूमिका खेल्न सक्ने तथ्यको आलोकमा यस बैंकमा नियुक्त भई कार्यस्थलमा जान लागेका अधिकृतहरुले उत्शाहपूर्वक परिवर्तनकामी भूमिका निभाउनु पर्ने वताउनुभयो । सो समारोहमा सहभागीका तर्फबाट सहलेखा अधिकृत रन्जिता झाले आफूहरु तालीममा प्राप्त सैध्दान्तिक व्यवहारिक ज्ञानको हतियार बोकेर बैंक उत्थानको युध्द मैदानको साईतमा निस्केको वताउनुभयो भने अर्का सहलेखा अधिकृत सुरेश सापकोटाले तालीम अत्यन्त उपलब्धिमूलक रहेको वताउनुभयो ।**

**बैंकको तालीम तथा विकास विभागका लेखा अधिकृत शिवराम पौडेलको संचालनमा सम्पन्न उक्त समारोहमा तालीम विभागका उपप्रमुख मित्रलाल पंज्ञानीले भगवान वुध्दले वुध्दत्व प्राप्त गरेपछि उहांकी धर्मपत्नी यशोदाको मनोदशा चित्रण गर्ने कवितासहित धन्यवाद ज्ञापन गर्नुभएको थियो भने रावा बैंक समाचारका प्रधान सम्पादक मुकुन्द अर्यालले रावावैंक समाचारलाई सूचनाहरु पठाएर सघाउन सहभागीलाई आग्रह गर्नुभएको थियो । उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी,सूचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली लगायतका महानुभावको समुपस्थिति थियो ।**

# प्रवन्धकस्तरीय समग्र बैंकिंग तालीम

३२ जेठ थापाथली,

राष्ट्रिय वाणिज्य बैंकका हिमाल, पहाड, तराईमा अवस्थित मोफसलका छानिएका २५ शाखा प्रवन्धकहरूको सहभागितामा आयोजित ५ दिवशीय प्रवन्धकस्तरीय समग्र बैंकिंग तालीम कार्यक्रम हाले सम्पन्न भयो । उक्त तालीम कार्यक्रमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले सहभागीलाई प्रमाणपत्र प्रदान गर्नुभयो । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले तोकिएको अवधिमा शाखालाई दिईएको व्यवसाय विस्तारको लक्ष हर हालतमा पूरा गर्न तथा ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न सहभागीलाई निर्देशित



गर्नुभयो । सो अवसरमा सहभागीको तर्फबाट शाखा कार्यालय शिवगञ्जका प्रवन्धक विष्णुप्रसाद निरौलाले तालीम उपलब्धिमूलक भएको वताउदै व्यवस्थापनका उच्च पदस्थ व्यक्तित्वहरूसंग शाखागत समस्याहरू अवगत गराई समाधानका पहल शुरू गर्न पाएकोमा खुशी प्रकट गर्नुभयो । सो समारोहमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा, ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी,कर्जा विभागका मुख्य अधिकृत भुपेन्द्र पाण्डे, क्षेत्रीय कार्यालय काठमाडौंका प्रबन्धक सुशिल श्रेष्ठ, कम्पनी सचिव विष्णुप्रसाद पौडेल, आलेप विभागका प्रमुख टेकराज जोशी र तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी लगायतका महानुभावको समुपस्थिति थियो ।

यसअघि २८ गते नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले एक विशेषः समारोहका बीच उक्त तालीम कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । व्यवसाय विस्तार ,मुनाफा, जनसेवाका क्षेत्रमा शाखाहरूको समग्र कार्यदक्षता अभिबृद्धि गर्ने उध्देश्यले आयोजित उक्त तालीमको शुभारम्भका अवसरमा नामप्र श्री ओझाले रावाबैंकसंग कर्जाप्रवाह योग्य तरलता सुदृढ रहेकोले न्यून व्याजदर तथा स्तरीय ग्राहक सेवाजस्ता सवल पक्षको अधिकतम सदुपयोग गर्दै व्यापक रूपमा गुणस्तरीय कर्जा प्रवाहमा जोड दिन प्रवन्धकहरूलाई आग्रह गर्नुभयो । सो अवसरमा श्री ओझाले नेपाल राष्ट्र बैंकको निर्देशनानुसार रावाबैंकले छिटै व्यवसायिक कृषि र विद्युत उत्पादनका क्षेत्र लक्षित गरि कर्जा सेवाहरू बजारमा ल्याउन लागेको जानकारी दिंदै बैकले यसबाट कर्जा प्रवाहका क्षेत्रमा नयां प्रस्थान विन्दु प्राप्त गर्नुका साथै यी कर्जाहरूले देशको उत्पादन, रोजगारी तथा उर्जा क्षेत्रमा सकारात्मक प्रभाव पार्ने विश्वास प्रकट गर्नुभयो । उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी,तालीम विभागका उपप्रमुख मित्रलाल पंज्ञानी लगायतका वक्ताले तालीमको उपादेयताबारे मन्तव्य दिनुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय तालीम तथा विकास विभाग थापाथलीको आयोजनामा बैंकको आफनै सभाकक्षमा लेखा अधिकृत शिवराम पौडेलको संयोजनमा सम्पन्न उक्त तालीम कार्यक्रममा शाखा कार्यालय लुक्ला (सोलुखुम्वु), रातामाटा (सिन्धुली), रामेछाप, खानीखोला (धादिंग),वर्दिवास (सिन्धुली), पर्साढाप (चितवन) धनुषा महेन्द्रनगर, हिले (धनकुटा) पथरी (मोरंग), शिवगन्ज (झापा) बेलटार, कठौना, सुखीपुर,खोटांगबजार, हनुमाननगर, फिक्कल, लम्की (कैलाली), दिपायल,भुरिगांउ (बर्दिया),दैलेख ,विजुवार (प्यूठान), पार्दी,तालचोक (कास्की) राममुर (पाल्पा) बेनी (म्याग्दी) शाखाका प्रवन्धकको सहभागिता थियो ।

## बजेट तर्जुमा गोष्ठी

वैशाख १६, धरान

राष्ट्रिय वाणिज्य बैंक लि. विराटनगर क्षेत्र अन्तरगतका ३४ वटा शाखा कार्यालय र क्षेत्रीय कार्यालय विराटनगरको आगामी आ.व.०६९।०७० को लागि आयोजित दुई दिवशीय वजेट तर्जुमा गोष्ठी हाले सम्पन्न भयो । उक्त गोष्ठीको बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा नामप्र ओझाले राष्ट्रिय वाणिज्य बैंकको वर्तमान अवस्था र बैंकका भावी नीतिहरूबारे प्रकाश पार्नुभएको थियो भने क्षेत्रीय प्रवन्धक सुरेन्द्र कुमार वजिमयोले विराटनगर क्षेत्रको समग्र स्थितिको विवरणसहित स्वागत मन्तव्य दिनुभएको थियो । सो गोष्ठीमा सम्वन्धित शाखा तथा क्षेत्रका प्रतिनिधिहरूले शाखागत/क्षेत्रगत वजेट प्रस्तुती दिनुभएको थियो। उक्त गोष्टीमा कर्जा विभागका मुख्य अधिकृत सुशिल श्रेष्ठ,सामान्य सेवा विभागका प्रमुख मनमोहन प्रसाद भण्डारी, वित्त विभागका उपप्रमुख सि.ए.सरस्वती अधिकारी, ट्रेजरी विभागका सि.ए.संजय श्रेष्ठ,वजेट तथा योजना महाशाखाका प्रमुख वीर बहादुर चन्द, सि.ए. किरण खड्का लगायतका महानुभावको समुपस्थिति थियो ।

## कानुनी संचेतना कार्यक्रम

वैशाख १७ ,धरान

यसैबीच बजेट गोष्ठी समापन पश्चात शाखा कार्यालय र क्षेत्रीय कार्यालयलाई तोकिएका विविध कार्यसम्पादनको क्रममा पर्न सक्ने कानुनी अड्चन र त्यसनिम्ति अपनाईनु पर्ने शतर्कता र समाधानका उपायबारे वृहत छलफल गरियो । कानुन विभागका उप प्रमुख सुनिल रेग्मी,ना.मु.अ. (कानुन) सुदर्शन पन्त,कानुन अधिकृत वावुराम खत्री ,शाखा प्रवन्धकहरू लगायत क्षेत्रीय कार्यालय विराटनगरमा कानुन फांट हेर्ने अधिकृतहरूको सहभागिता रहेको उक्त संचेतना कार्यक्रममा कानुनका मूलभुत कुराहरू र बैंकको काममा बढी प्रयोगमा आउने कानुनी विषयमा विस्तृत अन्तरक्रिया भएको थियो ।

## पुरष्कार वितरण

यसैबीच कार्यक्रमको अन्तिम चरणमा यस क्षेत्रमा गत वर्षको कार्यसम्पादनमा उत्कृष्ठता हासिल गर्ने शाखा तथा कर्मचारीलाई पुरष्कार वितरण गरियो । सो कार्यक्रममा प्रमुख अतिथि रावाबैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले यस क्षेत्रमा क्रमशः प्रथम, द्वीतिय र तृतिय स्थान हासिल



गर्ने शाखा कार्यालय दमक, दिक्तेल र इटहरिका प्रवन्धक तथा उत्कृष्ठ कर्मचारीतर्फ शाखा कार्यालय फिक्कलका स. पांचौ अर्जुन सुवेदी,शाखा कार्यालय विर्तामोडका स.पांचौ बद्रि भट्टराई,शाखा कार्यालय विराटनगरका स.पांचौ श्रीमती सीता काफ्ले,शाखा कार्यालय मिर्चैयाका सहायक प्रवन्धक उमापति बास्तोलालाई सम्मान, प्रमाणपत्र तथा पुरष्कार प्रदान गर्नुभएको थियो । क्षेत्रीय प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा ना.मु.अ. भैरव बहादुर हमालको संचालनमा सम्पन्न उक्त कार्यक्रम स्थानीय रत्ना होटलको सभाकक्षमा सम्पन्न भएको थियो ।

## समवेदना

यस बैंकको शाखा कार्यालय, पुल्चोकमा कार्यरत सहायक पांचौ विदुर खत्री (७६७७)की माता कान्छी खत्री, शाखा कार्यालय सिंहदरवारमा कार्यरत सहायक पांचौ भोज कुमारी राई (५०४५) की माता जानकी राई, मुख्य शाखा कार्यालय काठमाडौंमा कार्यरत सहायक पांचौ हरि नारायण भट्टराई (१०३०६) की माता बिष्णु कुमारी भट्टराई र शाखा कार्यालय मंगलसेनका प्रवन्धक महेन्द्र प्रसाद तिमिल्सिना (१०३७२) की माता भद्री तिमिल्सीनाको केही पहिले, क्षेत्रिय कार्यालय विरगंजका कम्प्यूटर अधिकृत नरसिंह यादव (११३९४) की माता तेतरी यादवको मिति २०६८।१२।५ मा, कर्जा बिभागमा कार्यरत ले.अ. ध्रुव राज विश्वकर्मा (१११९९) का पिता पहल मान विश्वकर्माको मिति २०६८।१२।२९ मा, शाखा कार्यालय दिक्तेलका सहायक तेश्रो होम वहादुर खड्का (८९००) का पिता शेर वहादुर खड्काको मिति २०६९।१।९ मा, मार्केटिङ्ग तथा विकास बिभागका ना.मु.अ.निरुवाबा जोशी (९६२८) का पिता गोविन्द राज जोशीको मिति २०६९।२।४ मा निधन भएकोमा दिवंगत आत्माहरुको चिरशान्तीको निम्ती परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK Ltd.

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

## तालिम विदेश :–

**April 29 - May 5th 2012** सम्म मलेशिया र सिंगापुरमा आयोजित **" International Training and Visit Programe on Banking & Finance "** विषयक तालिम तथा भ्रमण कार्यक्रममा सहभागि कर्मचारीहरु :–

| सि.नं. | पद | नाम,थर | क.नं. | सम्वन्धित कार्यालय |
|---|---|---|---|---|
| १) | मुख्य अधिकृत | श्री माधव राज पन्त | ६१६१ | कानून बिभाग |
| २) | मुख्य अधिकृत | श्री गिरिजानन्द पनेरु | ६३८५ | कार्ड सेन्टर बिभाग |
| ३) | मुख्य अधिकृत | श्री कविराज अधिकारी | ११२४५ | आ.ले.प बिभाग |
| ४) | मुख्य अधिकृत | श्री बिष्णु प्रसाद वैद्य | ९५९८ | मु.शा.का. |
| ५) | मुख्य अधिकृत | श्री भुपेन्द्र पाण्डे | ११२४४ | कर्जा बिभाग |
| ६) | का.मु.मु.अ. | श्री बिष्णु प्रसाद पौडेल | ९५९६ | कम्पनी सचिव |
| ७) | का.मु.मु.अ. | श्री नारायण वहादुर अधिकारी | ८०६९ | वित्त बिभाग |
| ८) | का.मु.मु.अ. | श्री नरेश राज अर्याल | ७९६६ | कर्जा असुली तथा पुनरसंरचना बिभाग |
| ९) | का.मु.मु.अ. | श्री टेक राज जोशी | १०७८७ | क्षे.का. नेपालगंज |
| १०) | का.मु.मु.अ. | श्री नवराज भट्ट | ८०५४ | प्रमुख कार्यकारी अधिकृतको कार्यालय |

मिति **March 30th 2012** देखि **April 06th 2012** सम्म थाइल्याण्डको बैंककमा आयोजित **" Emerging Issus in Banking System "** विषयक तालिम कार्यक्रममा सहभागि कर्मचारीहरु :–

| सि.नं. | पद | नाम,थर | क.नं. | सम्वन्धित कार्यालय |
|---|---|---|---|---|
| १) | ले.अ. | श्री शान्त बराल | ६६७६ | शखा कार्यालय सिंहदरवार |
| २) | स.मु.अ. | श्री नर्वदेश्वर पाठक | ८१८१ | शखा कार्यालय भैरहवा |
| ३) | ना.मु.अ. | श्री टिका राम के.सी | १००४३ | शखा कार्यालय वुटवल खस्यौली |
| ४) | ले.अ. | श्री हेम राज खरेल | १११९२ | शखा कार्यालय दमक |
| ५) | ले.अ. | श्री राधेश्याम योगी | १०४२४ | शखा कार्यालय महेन्द्रनगर |
| ६) | स.ले.अ. | श्री मनोज विलास पन्त | ११०८० | शखा कार्यालय कुश्मा |
| ७ | स.ले.अ. | श्री शिव प्रसाद पाण्डे | ८२२७ | शखा कार्यालय निजगढ |
| ८) | स.ले.अ. | श्री राम कृष्ण श्रेष्ठ | ८७२४ | शखा कार्यालय कोटीहवा |
| ९) | ले.अ. | श्री योगेन्द्र प्रसाद ठाकुर | ८१८३ | शखा कार्यालय सिराहा |
| १० | ले.अ. | श्री सुरेश ठाकुर | ७४३७ | शखा कार्यालय पिडारीचोक |
| ११) | ना.मु.अ | श्री सानु शोभा शाक्य | ५११६ | शखा कार्यालय ललितपुर |
| १२) | आइ.टी अफिसर | श्री गगन सिंह घिमिरे | ११३८७ | आई.टी बिभाग |
| १३) | स.ले.अ. | श्री राजन कुमार वस्नेत | १०६६६ | MIS Department |
| १४) | ना.मु.अ | श्री मित्र लाल पंगेनी | ९८४३ | तालिम तथा विकास बिभाग |

### यूनियन गतिविधि

# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको नवौं केन्द्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न

वैशाख १० ,हेटौंडा

**"कर्मचारीको पहिलो जिम्मेवारी बैंकप्रति हुने हुँदा कर्मचारीले आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारिता एवं दक्षतापूर्वक निर्वाह गर्नु पर्छ। संस्थाको हीतलाई केन्द्रविन्दुमा राखी सामूहिक प्रयासबाट कार्य गरेमा संस्थाको हीत सम्वर्ध्दन हुने तथा यदाकदा संस्थामा देखिने द्वन्द्वहरु विधिको अवलम्वनबाट न्यून गराई संस्थाको प्रगति सुनिश्चित गर्न सकिने यथार्थलाई कर्मचारीले भुल्नु हुँदैन । हाल निजी बैंक भन्दा रावावैंकको सेवा राम्रो रहेको भन्ने प्रतिकिया ग्राहकबाट पाएको छु । तपाईहरुले अझै दक्षता बढाउनुहोस् ,मुनाफा बढाउनुहोस् ,अनि प्रतिफल पनि लिनुहोस् । रावावैंक मुनाफाको मात्र कुरा गरेर सार्वजनिक दायित्वबाट पन्छिन मिल्दैन ,यसले गरीव विपन्न वर्गको आर्थिक उत्थाननिम्ति समेत काम गर्नु पर्छ। "**

उक्त कुरा नेपाल कम्यूनिष्ट पार्टी ए.मा.ले.का वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले २०६९ वैशाख ९ र १० गते हेटौंडामा सम्पन्न राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको नवौं केन्द्रिय महाधिवेशनको समुद्घाटन समारोहमा प्रमुख अतिथिको हैसियतले संवोधनका क्रममा वताउनुभएको हो ।

नेपाल कम्यूनिष्ट पार्टी ए.मा.ले.का वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले दीप प्रज्वलन गरी बाट समूदघाटन गर्नुभएको सो महाधिवेशनमा पूर्व मेचीदेखि पश्चिम महाकालीबाट ४५० प्रतिनिधी तथा पर्यवेक्षकहरूको उपस्थिती रहेको थियो । Celyon Bank Employee's




Union श्रीलंकाका तर्फबाट समेत प्रतिनिधित्व भएको सो कार्यक्रम हेंटौडा नगरीमा मार्चपास बाट शुरू भै पहिलो दिन भव्यताका साथ सम्पन्न समुद्घाटन कार्यक्रमको सभापतित्व कर्मचारी संघका अध्यक्ष नारायण प्रसाद सुवेदीले गर्नु भएको थियो । **सो समारोहमा अतिथिको आसनवाट रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले हालको अवस्थामा कुनै पनि व्यवस्थापन निरंकुश तरिकाले जान नसक्ने हुंदा व्यवस्थापन सहभागितामूलक ढंगले अघि बढ्ने प्रवृत्ति विकसित हुँदै गरेको तथा वर्गिय हीत र संस्थाको विकासलाई संगै लाने परिपाटीको विकासबाट नेपालमा ट्रेड यूनियन आन्दोलन पनि परिपक्वतातर्फ उन्मुख भैरहेको सन्दर्भमा अब यूनियनहरुले उपयुक्त र शिघ्र निर्णयमा व्यवस्थापनलाई दवाव दिने दिशामा आफ्नो भूमिका बढाउनु पर्ने वताउनुभयो । सोही समारोहमा अतिथिको आसनबाट रावावैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले नेपालको बैकिंग बजारमा आएको प्रतिष्पर्धाको स्थितिले हाम्रो कार्यसंस्कृतिमा आमूल सुधारको आवश्यकता रहेको वताउँदै यस निम्ति ट्रेड यूनियन र व्यवस्थापनको सहकार्य आवश्यक रहेको वताउनुभयो ।** सो कार्यक्रममा नेपाल कम्यूनिष्ट पार्टी ए.मा.ले.का पोलिटव्यूरो सदस्य काशीनाथ अधिकारी, केन्द्रिय सदस्य एवं सभासद डा. विजय पौडेल, बैंक बीमा तथा वित्तिय क्षेत्र राष्ट्रिय समितिका अध्यक्ष शंकर रायमाझी तथा नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैक केन्द्रीय समितिका वरिष्ट उपाध्यक्ष दिनेश शर्मा लगायतका वक्ताहरूले समसामयिक तथा राष्ट्रिय वाणिज्य बैंकको सन्दर्भमा आफ्ना भनाईहरू राख्नु भएको थियो भने संघका महासचिव वेद बहादुर लावतीले संघको दृष्टिकोण प्रस्तुत गर्नु भएको थियो । त्यसैगरि दोश्रो दिनको बन्द सत्रको कार्यक्रमबाट महासचिव वेद बहादुर लावती तथा कोषाध्यक्ष दिपक श्रेष्ठबाट प्रस्तुत गरिएको सांगठनिक तथा आर्थिक प्रतिवेदन लगायत विभिन्न प्रस्तावहरू समेत पारित गरियो साथै उक्त महाधिवेशनले आगामी ३ वर्षे कार्यकालको लागि नारायण प्रसाद सुवेदीको अध्यक्षतामा निम्नानुसारको ४१ सदस्यीय केन्द्रिय समिति गठन गरेको छ ।



संघबाट प्राप्त जानकारीअनुसार संघको केन्द्रीय उपाध्यक्षमा भरत प्रसाद भट्टराई,हेमराज सुवेदी,कामेश्वरओझा,गोपाल प्रसाद नेपाल,पृथ बहादुर खड्का ,जय प्रसाद साह, महासचिव वेद बहादुर लावती,सचिवत्रयमा तोया ढुंगेल,रामहरि शर्मा,दयाराम पन्त,कोषाध्यक्ष धर्मराज अर्याल,सह कोषाध्यक्ष बद्रि तिम्सिना र सदस्यहरुमा मनोहर जोशी ,राम एकवाल साह,गोपाल बहादुर थापा,रामचन्द्र पौडेल,गोविन्द प्रसाद रेग्मी,राज बहादुर ठकुराठी,राजन भट्टराइ,मोहन प्रसाद देवकोटा,हिमाल भण्डारी,राम प्रसाद जोशी,मीना मोक्तान,सीता कु.दाहाल,सीता थापा,भवानी बर्मा,राम बहादुर साह,ज्ञानेन्द्र कुरुवाड,खेदुराम वरई,महेश्वर साह र पदेन सदस्यहरुमा ध्रूब लुंईटेल,शंकर पहारी,रामसुन्दर यादव,ममता भुजेल,अंगद श्रेष्ठ,निर्मल कुमार रेग्मी,बल बहादुर थापा,महेन्द्र अधिकारी,गणेश प्रधान,राजु उपाध्याय चयन हुनुभएको छ ।

(सरुवा, विभागीय कारवाही लगायतका मानव संशाधन सम्बन्धी सामग्रि स्थानभावको कारणले यस अंकमा समावेश गर्न नसकिएकोमा क्षमा याचना गर्दै उक्त सामग्रि आगामी अंकमा समावेश गर्ने व्यहोरा अनुरोध गर्दछौं । सम्पादक)

## यूनियन गतिविधि

# फियन दिवशमा कवि गोष्ठी

२१ चैत्र (०६८)थापाथली

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकको २२ औं वार्षिकोत्सवको अवसरमा नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिद्वारा आयोजित विशेषः कवि



गोष्ठी तथा जलपान कार्यक्रम सम्पन्न भयो। उक्त कवि गोष्ठीको नेपाली लेखक संघका अध्यक्ष तथा वरिष्ट समालोचक डा.तुलसी भट्टराईले नेपाली साहित्याकाशका उज्वल नक्षत्र स्व.वी.पि. कोईरालाको तस्वीरमा माल्यार्पण गरी समुद्घाटन गर्नुभएको थियो।

सो अवसरमा विशेषः अतिथि राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले संघले गरेको कवि गोष्ठीजस्तो रचनात्मक कार्यको सराहना गर्दै यूनियनहरूले यस्ता महत्वपूर्ण सार्वजनिक दायित्व वहनका साथै कार्यरत संस्थाको विकासमा समेत उत्कृष्ठता देखाउनुपर्ने वताउनुभयो। सो अवसरमा कविहरू राम बहादुर पहाडी, मणि लोहनी,ठाकुर वेल्वासे, भाग्यशाली अधिकारी, मुकुन्द अर्याल,नवराज पुडासैनी,जेनी वस्नेत,शशि थापा पण्डित,कमला रिसाल,मणिराज सिंह,सूर्य वस्नेत,उषा आचार्य,उमा सुवेदी,प्रभुदास न्यौपाने,लक्ष्मी ऐडि,गुप्त वहादुर राना लगायत १८ जना कविहरूले रचना पाठ गर्नुभएको थियो।

नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष उद्धव प्रसाद गौतमको अध्यक्षतामा सम्पन्न उक्त कवि गोष्ठीमा वरिष्ठ निवन्धकार युवराज घिमिरे र रावावैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाको विशेषः आतिथ्य रहेको थियो। आयोजक संघका महासचिव दिनेश विक्रम थापाको संचालनमा सम्पन्न उक्त कार्यक्रममा आयोजक संघका सम्पन्न प्रथम कार्यकालका अध्यक्ष जितेन्द्रसिंह थापाले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ट उपाध्यक्ष दिनेश कुमार शर्माले धन्यवाद मन्तव्य दिनुभएको थियो।

# ट्रेड यूनियन आन्दोलन र लैंगिक समानता विषयक तालीम कार्यक्रम सम्पन्न

वैशाख २७ थापाथली

नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समिति महिला विभागको आयोजनामा ट्रेड यूनियन आन्दोलन र लैगिंक समानाता विषयक दुई दिवशीय तालीम कार्यक्रम हालै सम्पन्न भयो। उक्त कार्यक्रमको प्रमुख अतिथि रावाबैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले एक समारोहका बीच समुद्घाटन गर्नुभएको थियो। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत शर्माले विश्वमै सेवा उद्योगहरूमा महिलाको प्रभुत्व रहेको वताउदैं लैंगिक समानताको अवधारणालाई उपलब्धिमूलक बनाउन दक्षता अभिबृध्दि र स्वयम् सशक्तिकरणले अहम भूमिका खेल्ने सन्दर्भमा रावावैंकमा त्यस दिशामा रावावैंकमा कार्यरत महिलाको क्रियाशीलता आवश्यक रहेको वताउनुभयो। सार्वजनिक संस्थाहरूमध्ये सबैभन्दा बढी सेवा सुरक्षा रावावैंकमा रहेको वताउदैं श्री शर्माले बैंकमा कार्यरत महिलाले वाहिरका महिलाको आर्थिक सामाजिक सशक्तिकरणनिम्ति समेत भूमिका निभाउनु पर्ने आवश्यकतामा जोड दिंदै महिला लक्षित उपयुक्त उत्पानमूलक/रोजगारमूलक कार्यक्रम तर्जुमा गरेमा त्यसमा रावावैंकले सघाउने तत्परता प्रकट गर्नुभयो। नेपाल ट्रेड यूनियन कांग्रेस स्वतन्त्रका महासचिव तथा सभासद् अच्युतराज पाण्डे, यू.एन.आई. नेपालका कार्यक्रम संयोजक राजेन्द्र कुमार आचार्य, नेपाल ट्रेड यूनियन कांग्रेस स्वतन्त्रका केन्द्रीय सदस्य केशमाया जोशी,आयोजक संघ केन्द्रीय समितिका अध्यक्ष उध्दव प्रसाद गौतम लगायतका वक्ताले नेपालको ट्रेड यूनियन आन्दोलन र महिला श्रमिकका विविध पक्षमा प्रकाश पार्नुभएको थियो।

आयोजक महिला विभागका संयोजक ओमहरि गुरागांईको सभापतित्वमा सम्पन्न समुद्घाटन समारोहमा सदस्य रन्जना महर्जनले स्वागत मन्तव्य दिनुभएको थियो। महिला विभागका सदस्य प्रभा कुमारी जोशीको संचालनमा सम्पन्न उक्त समारोहमा नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका वरिष्ठ उपाध्यक्ष लेख प्रसाद बुर्लाकोटी, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिका सम्पन्न प्रथम कार्यकालका अध्यक्ष जितेन्द्र सिंह थापा, पूर्व अध्यक्ष पुण्यप्रसाद भट्टराई, वाग्मती क्षेत्रीय समितिका उपाध्यक्ष आशा विष्ट लगायत वाग्मती क्षेत्रका नेपाल वित्तिय संस्था कर्मचारी संघ सम्वद्ध ७० महिला कर्मचारीको उपस्थिति रहेको थियो।

## अभिव्यक्ति

............रावावैक समृद्ध भएमात्र भोलिको समृध्द नेपाल निर्माणमा योगदान पुराउन सकिने हुंदा यसलाई सुदृढ बनाउन व्यवस्थापन र यूनियन दुवैको साझा प्रयास आवश्यक छ। कर्मचारी यूनियन र व्यवस्थापन एकै सिक्काका दुई पाटा हुन् , समयक्रममा यूनियनका सदस्यको भूमिका पनि व्यवस्थापकीय भूमिकामा बदलिंदै जान्छ। यस अर्थमा बैंकको सुदढिकरणमा यूनियनका सदस्यको भूमिका व्यवस्थापनका पदाधिकारीको भन्दा कम छैन, आफूमा रहेको यो गहनतम जिम्मेवारी सबैले मनन् गरी व्यवहारमा उतार्नु पर्छ।

......... व्यवस्थापनले ३ वटै यूनियनलाई समदुरीमा राखी काम गर्ने छ, सबैलाई न्याय दिनेछ। कर्मचारी र व्यवस्थापन दुबै अनुशासनको परिधिमा रहनु पर्दछ।

............रावावैकले २६०० कर्मचारीमात्र होईन सत्र लाख ग्राहकलाई पनि हेर्नु पर्दछ र प्रमुख कार्यकारीको हैसियतले सम्पूर्ण सेवाग्राहीप्रति मेरो जिम्मेवारी रहेकोले बैकभित्रकै भनेर मलाई नपुल्पुल्याउनु होला, बाटो विराए समाउनुहोला,सही दिशा देखाउनुहोला ।

(प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा ,रावावैंक कर्मचारी संघ नेपालको हेटौडामा सम्पन्न नवौं महाधिवेशन समुद्घाटन समारोहमा विशेषःअतिथिको हैसियतमा संवोधनका क्रममा)

## यू.एन.आई.द्वारा इच्छुमति (टुकुचा) नदी वरपर सरसफाई सम्पन्न

जेठ ५ सिंहदरवारप्लाजा, काठमाडौ

सेवा क्षेत्रमा कार्यरत श्रमिकहरूको छाता संगठन यू.एन.आई.को आयोजनामा इच्छुमति नदी वरपर सरसफाई कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रमको रावावैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्मा, कृषि अनुसन्धान परिषदका प्रमुख दिल बहादुर गुरूङ्ग र काठमाडौ महानगरपालिका प्रतिनिधि गणेश



थपलियाले संयुक्त रूपमा शुभारम्भ गर्नुभएको थियो। सो अवसरमा कार्यक्रम संयोजक यू.एन.आई. नेपाल च्याप्टरका अध्यक्ष लेखप्रसाद बुर्लाकोटीले टेबुल कार्य गर्ने कर्मचारीको वातावरण संरक्षणमा समेत भूमिका बढाउने अभियान अन्तर्गत यू.एन.आई.द्वारा यस कार्यक्रमको आयोजना गरिएको वताउनुभयो। सो कार्यक्रममा FIEUN, NTCWU, TEAN लगायतका यू.एन.आई. आवद्ध विभिन्न १४ संगठन सम्वद्ध कर्मचारीहरूको उल्लेख्य सहभगिता थियो।



## अन्तर्वार्ता

**वि.सं २०२४ असार १० गते ग्वादी-६, कोलौदी गुल्मीमा जन्मनुभएका कपिल मणि ज्ञवालीले शंकरदेव क्याम्पस (त्रि.वि.वि.नेपाल) बाट एम.वि.एस.र सिक्कीम मनिपाल विश्वविद्यालय (भारत) बाट पि.जि.टि.आई.टि.को शैक्षिक योग्यता हासिल गर्नुभएको छ। वि.सं.२०४५/५/१३ मा वरिष्ट सहायकको रुपमा रावाबैंक सेवामा प्रवेश गरी हाल बैंकको सूचना प्रविधि विभागमा प्रमुखको जिम्मेवारी निर्वाह गरिरहनुभएका कपिलमणि ज्ञवालीले रावाबैंकमा सूचना प्रविधिको प्रयोगमा देखाएको सक्रियता आफैमा अनुपम छ। बैंकमा पुरानो पुस्ताका आशाप्रद व्यक्तित्वहरुमध्ये एक श्री ज्ञवालीसंग रावाबैंक समाचारका तर्फबाट प्रधान सम्पादक मुकुन्द अर्यालले सूचना प्रविधि विभागको कियाकलापमा केन्द्रित रहेर संक्षिप्त कुराकानी गर्नुभएको थियो। प्रस्तुत छ उक्त कुराकानीको सार :**

**प्रश्न . बैंकले हालै मात्र सूचना प्रविधि सम्वन्धि नीतिमा परिमार्जन गरेको छ। यसमा समाविष्ट महत्वपूर्ण अन्तरवस्तुवारे केही वताई दिनु हुन्छ कि ?**

उत्तर: जंहा सम्म सूचना प्रविधि सम्वन्धि नीतिको कुरा छ , बैंकको सूचना प्रविधि (IT) कुन गति र कुन पद्तीमा अगाडी लैजाने भन्ने कुराको आधिकारिक दस्तावेज हो। बैंक भित्र IT को प्रयोग सर्वत्र भएको सन्दर्भमा कुशल एवं पारदर्शि व्यवस्थापनको मूल आधार नै सूचना प्रविधि नीति हुने गर्दछ। त्यसैले हालै मात्र बैंकले ICT Policy-2012 जारी गरेको छ। यो संगै लागु गरिएको ICT Guideline-2012 ले IT विभाग र यस अन्तंगतका इकाईहरूको कार्यक्षेत्रलाई प्रष्ट रूपमा व्यवस्थित गरेको हुंदा भोलीका दिनमा अझ प्रभावकारी व्यवस्थापन हुनेमा आशावादि हुन सकिन्छ। यस नीतिले बैंकको Data Center, Server Co-location, Hardware, Software, Network, Data Security लगायतका विषयमा मापदण्डको व्यवस्था भएको र Business Continuity Plan, Disaster Recovery Plan, Backup & Restore Plan, Service Provider Management, Technical Evaluation Criteria & PDI Test सम्वन्धि Guideline को पनि व्यवस्था गरेको छ। साथै अर्को महत्वपूर्ण पक्ष के छ भने यसले बैंकको Branchless Banking (BLB) सम्वन्धि Policy लाई समेत समेटेकोछ।

**प्रश्न नयां सूचना प्रविधि नीतिको कार्यान्वयनवाट यस बैंकको व्यवसाय, जनसेवा र सामाजिक क्षेत्रमा के कस्ता प्रभावहरु पर्ने अनुमान गर्नु भएको छ ?**

उत्तर :जतिवेला हामी भरखर Automation गर्दै थियौं त्यतिवेला के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? कंहा गर्ने ? भन्ने कुरा सिमित व्यक्तिहरूको मौखिक निर्देशनवाट कार्यान्वयन हुने गर्थ्यो। तर अव ICT Policy & Guideline लागू भएपछि बैंक नेतृत्व प्रधान नभई नीति प्रधान तरिकावाट अघि वढ्नेछ। जसले गर्दा बैंकको प्रतिष्पर्धात्मक व्यवसायलाई बैज्ञानिक तथा आधुनिक ढङ्गले संचालन गर्न मद्दत पुग्नेछ। साथै बैंकको IT व्यवस्थित भएमा यसको माध्यमवाट दिइदैं आएका ग्राहक सेवाको गुणस्तरमा वृद्धि हुन गई जनसेवाको क्षेत्रमा सकारात्मक प्रभाव पर्नेछ। बैंकमा Branchless Banking जस्ता नौला प्रयोगको ढोका खुलेकोले यसवाट बैंकिङ्ग सेवा पुर्‍याउन नसकिएका समग्र ग्रामिण क्षेत्रका ग्राहकहरूमा समेत बैंकिङ्ग सेवा पुर्‍याउने राम्रो अवसर सिर्जना भएकोछ। यो कार्यक्रम सफल भएमा बैंकप्रति सर्वसाधारणको आकर्षण र विश्वास वढ्न गई सामाजिक प्रतिष्ठा आर्जन गर्न समेत सफल हुने देखिन्छ।

**प्रश्नः यहांले व्रान्चलेस बैंकिङ्गको कुरा गर्नु भो , कस्तो हुन्छ यो व्रान्चलेस बैंकिङ्ग ? सर्वसाधारणले वुझ्ने गरी वताई दिनु हुन्छ कि ?**

**उत्तर** :Branchless Banking (BLB) नेपालको परिवेशमा अझैं नौलो मानिन्छ। विदेशतिर यसको प्रयोग व्यापक गरिएको भएता पनि नेपालका सिमित बैंकहरूवाट प्रयोगमा ल्याइएको यो प्रविधिलाई हाम्रो बैंकले आत्मसात गर्नुका आफ्नै विशिष्ठ कारणहरू छन्। आजका मितिमा बैंकका १४० वटा शाखाहरू संचालनमा छन्। यद्यपि विगतमा २१४ शाखा सम्म पुगेकोमा परिस्थितिवश संख्या कम गर्नु परेता पनि शाखा पुनर्स्थापनाको माग वढ्दै गएकोले बैंकप्रति सर्वसाधारणले देखाएको आशा, भरोसा र सरकारी बैंक हुनुको विशेष दायित्ववोधका कारणले गर्दा बैंकको सेवा विस्तारलाई नजर अन्दाज गर्न सकिन्न। सेवा माग भएका सवै ठाउंमा तत्काल सेवा विस्तार गर्न ठाउंको छनौट गर्ने, कार्यालय भवनको व्यवस्था गर्ने, भौतिक साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने, सुरक्षा प्रवन्ध मिलाउने लगायतका कार्य गर्दा बैंकको ठुलो धनराशि खर्च हुने तर खर्चको अनुपातमा आम्दानी कम हुने भएकोले यसको विकल्पको रूपमा Branch Less Banking (BLB) को अवधारणावाट काम गर्दा वढि भन्दा वढि सर्वसाधारणलाई समेटेर प्रभावकारी, सरल तथा किफायती सेवा पुर्‍याउन सकिन्छ कि भन्ने सोंचले गर्दा BLB लाई अघि सार्न खोजिएको हो।

BLB साधारण POS Machine र मोवाइल सिम को प्रयोग गरी बैंकका आधिकारिक एजेन्ट मार्फत गरिने सुरक्षित र भरपर्दो कारोवार हो। यसको माध्यमवाट ग्राहकहरूको निक्षेप जम्मा तथा चेक भुक्तानी गर्ने, खाता खोल्ने, खाताको कारोवार विवरण (Statement) निकाल्ने, एउटा खातावाट अर्को खातामा रकमान्तर गर्ने, रेमिटान्स कारोवार गर्ने, मोवाइल तथा टेलिफोनको विल भुक्तानी गर्ने, पेन्सन तथा विभिन्न भत्ता वितरण सम्वन्धि कार्य गर्न सकिनेछ। BLB प्रविधि मार्फत ग्राहकले आफ्नो Card र औंठा छापको माध्यमवाट गरिने कारोवारको विवरण नेपाली भाषामा सुन्न र Mini Statement समेत झिक्न मिल्ने भएकोले यो प्रविधि अत्यन्त सरल, सुरक्षित र विश्वसनीय छ। बैंकले BLB लागु गर्न उपयुक्त स्थान छनौट गरि सकेपछि तोकिएको मापदण्ड पुरा गर्ने विश्वसनीय स्थानिय व्यक्ति वा संस्थालाई एजेन्ट नियुक्त गर्नेछ। प्रविधिलाई वुझ्न सक्ने र आर्थिक कारोवार गर्न सक्षम स्थानिय एजेन्टले गाऊँघरका सर्वसाधारण ग्राहकहरूलाई बैंकिङ्ग सेवा प्रदान गर्ने छन्।

**प्रश्न. व्रान्चलेस बैंकिङ्गको अवधारणा कार्यान्वयनवाट सर्वसाधारण ग्राहकहरुको पहुंच र व्यवशाय विस्तारका संभावनाहरु वारे संक्षिप्तमा वताई दिनु हुन्छ कि ?**

उत्तर : माथि नै चर्चा गरे वमोजिम बैंकका शाखा विस्तारको मागलाई दृष्टिगत गर्दा सर्वसाधारण ग्राहकको मागलाई सम्वोधन गर्न BLB निकै प्रभावकारी हुने देखिन्छ। बैंकको साइनवोर्ड र प्राविधिक सहयोग प्रयोग गरी गाऊंघरमा सवैले चिनेको, आर्थिक हैसियत भएको तथा विश्वसनीय व्यक्ति वा संस्थाले एजेन्टको रूपमा काम गर्ने भएकोले सरल प्रविधिको माध्यमवाट गरिने बैंकिङ्ग कारोवार बैंकिङ्ग कारोवार गर्न अभ्यस्त देखि लेखपढ गर्न नजान्ने, आर्थिक कारोवारको लागि टाढा जान नसक्ने, पेन्सनर, वृद्ध, महिला तथा अशक्तहरूले समेत निर्धक्क भएर गर्न सक्नेछन्। यसवाट बैंकिङ्ग सेवा नपुगेका दुरदराजका नागरिकहरूले स्तरिय तथा आधुनिक बैंकङ्गि सेवा पाई आर्थिक विकासमा महत्वपुर्ण टेवा पुग्न जाने विश्वास गर्न सकिन्छ।

**प्रश्न . व्रान्चलेस बैंकिङ्गको कार्यान्वयन योजना वारे केही जानकारी दिनु हुन्छ कि ?**

**उत्तर:** BLB सम्वन्धमा आवश्यक अध्ययन तथा अवलोकन भ्रमण गर्ने, BLB सम्वन्धि Policy, Guideline & Manual वनाउने र Software को Testing समेत सम्पन्न भएकोले आवश्यक POS Machine सहित Software खरिद गर्ने र नेपाल राष्ट्र बैंकवाट स्विकृती प्राप्त हुनासाथ BLB लागु गर्न तयारी अवस्थामा रहेका छौं। स्विकृति प्राप्त हुनासाथ प्रारम्भमा बैंकले परिक्षणको रूपमा काभ्रेको छत्रेबांझ र नवलपरासीको त्रिवेणीमा BLB लागु गर्न आवश्यक तयारी भैरहेकोछ। प्रविधिको प्रभावकारिता, विश्वसनीयता, Data Security आदि सम्वन्धमा सन्तुष्ट हुन सकिएमा क्रमशः अन्य क्षेत्रहरूमा समेत BLB लागु गर्न IT को जुझारू Team तयारी अवस्थामा रहेको हुंदा सम्भवत आ.व.०६९/७० को प्रारम्भसंगै धेरै स्थानमा BLB लागु हुनेछ। हामीलाई विस्वास छ BLB ले रा.वा.बैंकको प्रतिष्ठालाई सगरमाथा झैं उच्च वनाउनेछ।

**प्रश्न . सूचना प्रविधि विभागको सक्रियतामा विशेषगरी यंहाको अगुवाईमा सूचना प्रविधिको क्षेत्रमा बैंकले उल्लेख्य प्रगति हासिल गरेको छ। यस निम्ति यहां र सूचना प्रविधि विभागको कार्य समह निसन्देह धन्यवादको पात्र छ। के तपांई यी उपलब्धिहरुवाट सन्तुष्ट हुनुहुन्छ ?**

उत्तर : रा.वा.बैंकले विगत केही वर्ष यता विशेषगरी व्यवस्थापन करार पश्चात आरम्भ गरेको शाखा Online गर्ने अभियान सफलतापुर्वक पुरा भैसकेको कुरा यहांलाई अवगत नै छ। जसको फलस्वरूप हाल सम्म संचालित बैंकका सवै शाखाहरू Online भै सकेकाछन्। हिजोको Manual System मा काम गरेका हामी कर्मचारीहरूले भोग्नु परेका ति क्षणहरूलाई सम्भिंदा धेरै झन्झटिला प्रकृयाहरूवाट पार पाउनु, ABBS, ATM, SMS Banking, E-Banking, Pay bill जस्ता सुविधाहरू प्रदान गर्न बैंक सक्षम हुंदा उक्त अभियानको सुरू देखिकै एक कर्मयोद्धा भएको नाताले बैंकले प्राप्त गरेको अभुतपुर्व सफलतालाई फर्केर हेर्दा धेरै गर्व लाग्दछ र आफूले गरेको काम प्रति सन्तुष्टि पनि लाग्दछ। तर अंग्रेजी भनाई "Success is a journey not a destination" लाई सम्झने हो भने हामी सन्तुष्ट भएर वस्न भने पक्कै मिल्दैन। सफलता त एउटा यात्रा हो, जुन यात्रामा हामी निरन्तर हिंडिरहेका छौं। भोलीका दिनमा वजारमा आउने नयां नयां प्रविधिहरूलाई समयमै आत्मसात गर्न सकेनौ भने समयले हामीलाई पछि पार्न सक्छ। आजको यो सफलताको अवस्था चिरस्थायी नहुन पनि सक्दछ। त्यसैले समयको गति संगसंगै वग्ने मेरो तिर्खा भने मेटिएको छैन।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Advisor : DGM Jyoti Chandra Ojha, Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu